

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ७ गते बिहीबार ❑ 20 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सुशासन, विकास र समृद्धिको यात्रा प्रारम्भ भइसकेको छ : प्रधानमन्त्री दाहाल

**पोखरापत्र संवाददाता**
दमौली, ६ बैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालमा सुशासन, विकास र समृद्धिको यात्रा प्रारम्भ भइसकेको बताउनुभएको छ । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)ले बुधबार तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रेमा आयोजित चुनावीसभामा प्रधानमन्त्री दाहालले यो यात्रालाई पूर्णता दिने अभियानमा आफूहरु रहेको बताउनुभयो ।

उहाँले देशमा सुशासनको यात्रा सुरु भइसकेको भन्दै त्यसलाई पूर्णता दिन आफूहरु प्रतिबद्ध रहेको बताउनुभयो । मुग्लिन पोखरा सडकको काम सुस्त गतिमा भएकाले जनताले असजिलो र पीडा महशुस गर्दै आएकाले सडकको कामलाई तीव्रता दिइने प्रधानमन्त्री दाहालले बताउनुभयो । बन्दीपुरमा लिफ्टिङ गरेर खानेपानी योजना पूरा गराउन सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले तनहुँ र चितवन जोड्ने घुमाउनेमा बन्दै गरेको पुल एक वर्षभित्र निर्माण सम्पन्न गरिने बताउनुभयो । भानु जन्मस्थललाई संसारभरिका नेपाली भाषीले अध्ययन गर्ने साधना केन्द्रका रुपमा विकास गरिने बताउँदै प्रधानमन्त्री दाहालले भानुभक्त प्राणी उद्यानको कामलाई गति दिइने बताउनुभयो । दलित, आदिवासी जनजातिको समस्या समाधानमा सरकार प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो । देवघाट ऐतिहासिक स्थल नेपालका मात्र नभई दक्षिण एशियाका लागि प्रसिद्ध रहेकाले देवघाटमा सांस्कृतिक विश्वविद्यालय बनाउनेबारेमा गम्भीर अध्ययन गरिने दाहालले विश्वास व्यक्त गर्नुभयो । तनहुँ क्षेत्र नं १ का उम्मेदवार गोविन्द भट्टराई परिवर्तनका निम्ति परिचित भएकाले उहाँलाई जिताएपछि मन्त्री बनाउने दाहालले घोषणा गर्नुभयो । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले तनहुँको विकासको जिम्मा आफूहरुले लिने बताउनुभयो । वैशाख १० गते हुने उपनिर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बन्नुभएका गोविन्द भट्टराईले प्रस्तुत गर्नुभएको सबै विकासका योजना आफूहरुले पूरा गर्नुपर्ने प्रतिबद्धता जनाउनुभयो । "तनहुँ ऐतिहासिक महत्व बोकेको जिल्ला हो, राष्ट्रपति रामचन्द्र पौडेलको गृहजिल्ला पनि हो, गोविन्द भट्टराईलाई जिताउनुहोस्, उहाँ योग्य उम्मेदवार हो । उहाँले प्रस्तुत गरेका सबै विकासको कामको जिम्मा हाम्रो भयो", उहाँले भन्नुभयो । तनहुँमा सुविधासम्पन्न अस्पताल र केन्द्रीय विश्वविद्यालय बनाउने भट्टराईको चाहना पूरा हुने सभापति देउवाले बताउनुभयो । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपालको राजनीति सही दिशामा लैजाने जनताको चाहनालाई साकार पार्न अहिलेको गठबन्धन प्रतिबद्ध रहेको बताउनुभयो । "त्यसका लागि पनि वैशाख १० गतेको उपनिर्वाचनमा तनहुँका जनताले सही निर्णय गर्नुपर्नेछ", नेपालले भन्नुभयो । पाँच वर्षको स्थायी सरकार कायम गर्ने प्रतिबद्धताबमोजिम अगाडि बढेको गठबन्धनले देशको विकास गर्ने नेपालको भनाइ थियो । गठबन्धनलाई बलियो बनाएर जाने सङ्कल्प लिइएको बताउँदै उहाँले भन्नुभयो, "सहमति र एकताले देश विकास गर्नेमा हामी प्रतिबद्ध छौँ, जनताको समस्या समाधानका लागि प्रतिबद्ध छौँ ।" जनताको पीडा बुझ्न नसके राजनीतिको कुनै काम नरहेको बताउँदै देशमा सुशासन कायम गर्ने, भ्रष्टाचार उन्मूलन गर्ने काममा गठबन्धन सफल हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले सरकारलाई स्थिरता दिएर सुशासन र समृद्धिको आधार तयार गर्ने लक्ष्य लिइएको उहाँले बताउनुभयो । भट्टराईले फेरि देशलाई अस्थिरतामा लैजाने कि स्थिर सरकार बनाउने भन्ने विषयमा जनताले सोच्नुपर्ने बताउँदै सुशासन र समृद्धिका लागि गोविन्द भट्टराईको विजय आवश्यक रहेको बताउनुभयो । "मिश्रित निर्वाचन प्रणालीले कसैको पनि बहुमत नआउने भएकाले गठबन्धन गर्नुपरेको छ, निर्वाचन प्रणालीका कारण स्थिर सरकार बन्दैन, बल्ल बल्ल दश दल जोडेर सरकार बनाएका छौँ । अब त्यही सरकारलाई स्थिरताका दिनका लागि पनि गठबन्धनकै उम्मेदवारले जित्नुपर्छ", उहाँले भन्नुभयो । छिटोभन्दा छिटो विकास र समृद्धिको लहर ल्याउनुपर्ने बताउँदै उहाँले युवालाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नु मुख्य चुनौती रहेको बताउनुभयो ।




कार्यक्रममा नेपाली कांग्रेसका तर्फबाट तनहुँ-१ प्रतिनिधिसभा सदस्य उम्मेदवार गोविन्द भट्टराईले आफू तनहुँमै जन्मिएर राजनीति सुरु गरेकाले यहाँका हरेक वर्गको समस्याबारे आफू जानकार रहेको बताउनुभयो । भट्टराईले पदमा नरहे पनि हरेक गाउँमा खानेपानी सुविधा पुऱ्याउने काम गरेको बताउँदै अब हरेक समस्या समाधानमा आफू नेतृत्व गर्न चाहेको बताउनुभयो ।

जनता समाजवादी (जसपा) सहअध्यक्ष राजेन्द्र श्रेष्ठले निर्वाचनमा राजनीतिक र गैरराजनीतिक व्यक्तित्वबारे मूल्याङ्कन गर्ने बेला आएको बताउनुभयो । राजनीतिक स्थिरता र लोकतन्त्रको संरक्षणका लागि गठबन्धनको जीत आवश्यक रहेको उहाँको भनाइ थियो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य ध्रुव वाग्लेले त्याग, निष्ठा र परिश्रमले भरिएका व्यक्तित्व गोविन्द भट्टराई भएकाले उहाँको जित अनिवार्य रहेको बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का नेता एवं सांसद कृष्णकुमार श्रेष्ठले लोकतन्त्र र संविधान बचाउनका लागि गठबन्धनको जित आवश्यक रहेको उल्लेख गर्नुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेले जनतालाई भ्रममा पार्दै उम्मेदवार निर्वाचन लड्न आएकाले सचेत हुनुपर्नेमा जोड दिनुभयो । केन्द्रीय सदस्य शङ्कर भण्डारीले यो क्षेत्रको विकासका लागि कांग्रेसको नेतृत्व आवश्यक रहेको बताउनुभयो ।

## उपनिर्वाचनका लागि उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको आग्रह

**रासस**
काठमाडौं, ६ बैशाख

यही वैशाख १० गते हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रमा सार्वजनिक बिदा दिन निर्वाचन आयोगमा रहेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले नेपाल सरकारलाई आग्रह गर्ने निर्णय गरेको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको उपस्थिति तथा निर्वाचन आयुक्त सगुनशमशेर जबराको अध्यक्षतामा गृह, रक्षा र अर्थ मन्त्रालयका सचिवहरू, नेपाली सेनाका रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान अधिकृतलगायतको सहभागितामा भएको बैठकले उक्त आग्रह गर्ने निर्णय गरेको हो ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार निर्वाचन हुने तनहुँ, चितवन र बाराका सम्बन्धित क्षेत्रमा मतदानका दिन सार्वजनिक बिदा दिन तथा मतदानस्थल र केन्द्र रहेका सामुदायिक विद्यालयमा यही वैशाख ८ गतेदेखि तीन दिन सार्वजनिक बिदाको व्यवस्था मिलाउन नेपाल सरकारको मुख्यसचिवमार्फत आग्रह गर्ने पनि निर्णय भएको छ । समितिले सम्बन्धित निर्वाचन क्षेत्रका वडा कार्यालय, स्वास्थ्य चौकी एवं भौतिक संरचना र परिसर प्रयोग गर्ने सम्बन्धमा नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत र निर्वाचनका लागि उपयुक्त सुरक्षा व्यवस्था गरी यातायात सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल सरकार, गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको छ ।

बैठकले आचारसंहिता प्रतिकूलका कार्य हुन नदिन सूक्ष्म निगरानी तथा अनुगमन गर्न र निर्वाचन हुने जिल्लाभित्र मतगणना सम्पन्न नभएसम्म मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवनलाई नियन्त्रण गर्ने व्यवस्था मिलाउन पनि गृह मन्त्रालयमार्फत लेखी पठाउने निर्णय गरेको छ । मधेस प्रदेशको बारा क्षेत्र नं २, गण्डकी प्रदेशको तनहुँ क्षेत्र नं १ र बागमती प्रदेशको चितवन क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन हुँदैछ ।

## बन्दीपुरमा चिनियाँ पर्यटक

**पोखरापत्र संवाददाता**
दमौली, ६ बैशाख

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा चिनियाँ पर्यटक भित्रिएका छन् ।

कोभिड-१९ को सङ्क्रमण सुरु भएपछि विसं २०७६ चैतबाट चिनियाँ पर्यटकको आगमन बन्द भएको बन्दीपुरमा तीन वर्षपछि पहिलो पटक चिनियाँ पर्यटक आएका हुन् ।

बन्दीपुरमा लामो समयपछि चिनियाँ पर्यटकको आगमन भएपछि होटल व्यवसायी उत्साहित भएका छन् । होटल हिमालय दरबारका सञ्चालक वैश गुरुङले कोरोनापछि पहिलो पटक चिनियाँ पर्यटक बन्दीपुर भित्रिएको जानकारी दिनुभयो । "कोरोनापछि नेपालमा चिनियाँ पर्यटक आएका थिएनन्, कोरोनाभन्दा पहिला बन्दीपुरमा विदेशीमध्ये चिनियाँ पर्यटक बढी हुन्थे," गुरुङले भन्नुभयो, "कोरोनाले सुस्ताएको बन्दीपुरको पर्यटन अब विस्तारै लयमा फर्किंदैछ ।" काठमाडौं ओर्लिएपछि पोखरा जाने क्रममा एकरात बिताउन भए पनि पर्यटक बन्दीपुर आउने गरेको उहाँले जानकारी दिनुभयो । "बन्दीपुरमा आएकामध्ये आधाजसो पर्यटक पोखरा र काठमाडौँ जाने तयारीमा छन्", गुरुङले भन्नुभयो ।

बन्दीपुरमा यतिबेला अन्य देशका विदेशी पाहुनाको भने चहलपहल भइरहेको छ ।

चीनले फागुन १ गतेदेखि पर्यटकका रूपमा घुम्न जान पाइने देशको सूचीमा नेपाललाई पनि सूचीकृत गरेको थियो । बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष एवं होटल हेरिटेजका सञ्चालक किसन प्रधानले बन्दीपुरको पर्यटन विस्तारै लयमा फर्किंदै गरेको बताउनुभयो । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दिपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ ।

बन्दीपुरमा होटल सङ्घसँग आवद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्र लगायतकास्थल यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रविन्दु बन्ने गरेको छ ।

## आन्तरिक मामिला तथा कानूनमन्त्री गाहामगरले गरे पुल र खानेपानीको उद्घाटन

**पोखरापत्र संवाददाता**
दमौली, ६ बैशाख

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता रोशन बहादुर गाहा थापा मगरले नवलपुरको देवचुली नगरपालिका ६ किर्तिपुरस्थित देउसत खेलामा निर्मित झोलुङ्गे पुल र चुहार गाउँमा निर्मित खानेपानीको उद्घाटन गर्नुभएको छ ।

गण्डकी प्रदेश सरकारद्वारा ६५ लाखमा निर्मित किर्तिपुर-चुहार गाउँ जोड्ने झोलुङ्गे पुलसँगै चुहारगाउँमा सहमती संस्थाद्वारा निर्मित स्वामिघाट खानेपानीको मंगलबार मन्त्री गाहामगरले उद्घाटन गर्नुभएको हो ।

सो अवसरमा बोल्नुहुदै मन्त्री गाहामगरले पुल र खानेपानीको निर्माणपछि चुहारबासीको केही समस्या हल भएको धारणा व्यक्त गर्नुभयो । उहाँले चुहार गाउँमा कम बस्ती भएतापनि स्थानीयको समस्यालाई प्राथमिकताकामा राखेर पुल निर्माण गरिएको बताउनुभयो । मन्त्री गाहामगरले पुल निर्माणभएपछि



वर्षायामको समयमा चुहरबासी र विद्यार्थीहरुले सास्ती भोग्न नपर्ने विश्वास व्यक्त गर्नुभयो । 'यो देउसत खोलामा पुल नहुदा चुहारका विद्यार्थी भाईबहिनीहरुले वर्षायाममा पढ्न नपाइने अवस्था थियो, मन्त्री गाहामगरले भन्नुभयो, ' त्यही समस्यालाई मध्यनजर गरेर पुल सम्पन्न भइसकेको छ । अब विद्यार्थीहरुले सास्ती खेप्न नपर्ने विश्वास लिएको छु ।' उहाँले सहमती संस्था र डब्लु डब्लु एफले निर्माण गरेको खानेपानीले अब चुहार बासीको दैनिकी अर्थउपार्जनमा परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो । मन्त्री गाहामगरले मगर समुदायको बस्ती रहेको सो गाउँमा सडक, खानेपानी तथा पुलको व्यवस्था भइसकेको बताउनुहुदै यहि वर्षमा विद्युतको पहुँच पुग्ने बताउनुभयो । यस्तै देवचुली नगरपालिका ६ का वडाध्यक्ष मिन बहादुर सोतीमगरले प्रदेश सरकारमा रहेर पिच सडक, झोलुङ्गे पुलका लागि भूमिका खेलेको भन्दै आन्तरिक मामिला तथा कानूनमन्त्रीप्रति आभार प्रकट गरे । 'यो ठाउँको विकासका लागि हाम्रो अग्रज अहिलेको आन्तरिक मामिलामन्त्री रोशन गाहामगरको ठुलो योगदान छ, सोतीमगरले भन्नुभयो, 'किर्तिपुर आउने सडक कालोपत्रे, पुल निर्माण लगायत विभिन्न क्षेत्रमा उहाँको योगदान छ । त्यसैले हामी उहाँप्रति एकमदमै आभारी छौ ।' वडाध्यक्ष सोतीमगरका अनुसार सो पुल प्रदेश सरकारको करिब ६५ लाख बजेटमा निर्माण गरिएको हो भने स्वामिघाट खानेपानी योजनामा सहमति संस्थाले करिब १२ लाख र स्थानीयले ४ लाखसहित श्रमदान दिएका थिए । सो पुल तथा स्वामिघाट खानेपानीको समुद्घाटन कार्यक्रममा देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपाने, उपप्रमुख पार्वता तिवारी, सहमति संस्थाका अध्यक्ष होमनाथ सुवेदी, सहमति संस्थाका इन्जिनियर तेज प्रसाद ओझा, सहमति संस्थाका कार्यक्रम संयोजक दिनेश बास्ताकोटी, देवचुली नगरपालिकाका प्रवक्ता तिल प्रसाद काफ्ले, जिल्ला खानेपानी संस्थाका अध्यक्ष खिमानन्द भुषाल, लगायतले बोलेका थिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# स्याङ्जामा डढेलोको घट्ना बढ्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ बैशाख

बढ्दो तापक्रम र प्रतिकुल मौसमका कारण स्याङ्जामा डढेलोको घट्नाहरु बढ्न थालेका छन् ।

प्रायजसो गर्मी मौसममा डढेलो लाग्ने समय भएकाले डढेलोका घट्नाहरु बढ्न थालेका हुन् । वनजंगलमा लागेको आगालागीबाट ठुलो क्षती भएको अनुमान गरिएको छ । डिभिजन वन कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार अहिले सम्म १८ सय हेक्टर जंगलमा डढेलोले क्षती पुऱ्याएको जनाएको छ । डढेलोका कारण भएको क्षतीको अनुमान सार्वजनिक गर्न कठिनाई भएको डिभिजन वन कार्यालय स्याङ्जाका सूचना अधिकारी हरिबंश न्यौपानेले बताए । ११ पालिकाका ४२ ठाउँमा डढेलो लागेको उनले जानकारी दिए । डढेलोबाट बनजंगल सहित अन्य बस्तीहरु जोगाउन डिभिजनले सचेतना अभियान मात्रै चलाएको दावी उनले गरेका छन् । दरबन्दी अनुसारको बन रक्षक नभएका कारण डढेलो नियन्त्रणमा समेत कठिनाई हुने गरेको न्यौपानेको भनाई छ । डढेलो नियन्त्रणमा हामीलाई सुरक्षा निकायबाट सहयोग हुदै आएको छ सुचना अधिकारी न्यौपानेले भने,'सिमित साधनश्रोत र जनशक्तिको अभाव समस्या छ ।' बनरक्षकको ३३ दरबन्दी छ तर हामी सगँ अहिले ११ जना मात्रै छन् उनले भने । जिल्लामा ६० प्रतिशत डढेलो लागेको तथ्याङ्क डिभिजन सगँ छ । जंगलमा लागेको डढेलोले के कति वन्यजन्तुमा क्षती पुऱ्याएको छ भन्ने बिषयमा डिभिजन वन कार्यालय स्याङ्जा अन्योलमा रहेको छ । रानीबन जंगलमा लागेको आगोका कारण आँधीखोला गाउपालिका १ अर्घौदीमा २ घर ४ गोठ जलेर नष्ट भएका छन् । मानवीय र पशुचौपायको क्षती हुनबाट जोगिएको छ । नेपाली सेना, शसस्त्र प्रहरी, जनपथ प्रहरी र स्थानीयको सहयोगमा अन्य बस्ती बचाउन सफल भएको र क्षतीको विवरण आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सुचना अधिकारी प्रहरी नायव उपरिक्षक रविन्द्र खनालले जानकारी दिए ।

दिनहुँजसो स्याङ्जामा आगालागीका घट्नाहरु भइरहेका छन् । अझै पनि आगालागीका घट्नाहरु हुनसक्ने भन्दै सबै जिल्लाबासी सचेत रहन जिल्ला सुरक्षा समिति स्याङ्जाले अनुरोध गरेको छ ।

# 'आमा भनेकै आमा हुन्' गीत लोकार्पण

**पोखरापत्र संवाददाता**
दमौली, ६ बैशाख




आमाको मुख हेर्ने दिनको अवसर पारेर 'आमा भनेकै आमा हुन्' गीतको भिडियोको बुधबार पोखरामा लोकार्पण गरिएको छ ।

संचारकर्मी सञ्जयकुमार मल्लले लेखेको गीतमा विनोद बानियाँको स्वर रहेको छ । भिडियोको गीतकार मल्ल र गायक बानियाँका आमा चिजमाया मल्ल र शान्ति बानियाँले एक कार्यक्रमकाबीच लोकार्पण गरे । भिडियोको निर्देशन नेत्र गुरुङले गरेका हुन् । गीतकार मल्लले आफ्नो पेशा संचारकर्म भएपनि साहित्य रूचिको बिषय भएको बताए । रेडियो अन्नपूर्णका स्टेसन म्यानेजर समेत रहेका मल्लले सन् २०१५ मा मातातिर्थका दिन आमालाई समर्पण गरेर लेखिएको कविता ८ बर्षपछि श्रोता/दर्शक समक्ष ल्याउन पाउँदा खुसी लागेको सुनाए । कवि तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठले आमा शब्द आफैमा महान भएको भन्दै सानैमा आमा गुमाएकाले आमा भन्ने वित्तिकै गला अवरूद्ध हुने गरेको अनुभव सुनाए । नेपाल आमा सबैभन्दा दुःखी रहेको भन्दै श्रेष्ठले नेपाल आमाको मुहारमा खुसी दिन सक्नुपर्ने बताए । पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेलले आम मानिसले बाँचेको जीवनको पाटोलाई गीतले समेटेको बताए । आमा औंसीका दिन सामाजिक सञ्जालका भित्ताहरू फोटाले भरिने गरेको भन्दै बुढेसकालमा आमाहरूलाई वृद्धाश्रममा देख्न नपरोस भन्दै कामना गरे । प्राज्ञ तथा बरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले आमा शब्दको महिमा बिशाल रहेको भन्दै गीतको म्युजिक भिडियो हेर्दे गर्दा आफ्नो आमाको दुःखलाई सम्झिएको बताइन् । गायक विनोद बानियाँले कविता निकै मन परेकाले कम्पोजगरी गीतको रूपमा ल्याउन पाएको भन्दै खुसी व्यक्त गरे । निर्देशक नेत्र गुरुङले शब्दले निकै मन छोएको सुनाए । कास्कीकोटममा छायांकन गरिएको गीतको भिडियोमा खिमकुमारी सुवेदी र अनिल कार्कीको अभिनय रहेको छ ।

# नौ महिनामा १२ खर्बको आयात र सवा खर्बको निर्यात

**रासस**
काठमाडौं, ६ बैशाख

चालु आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक अवधिसम्ममा सरकारको व्यापार घाटा रू १० खर्ब ८३ अर्ब नाँघेको छ । भन्सार विभागले बुधबार सार्वजनिक गरेको चैत मसान्तसम्मको वैदेशिक व्यापारसम्बन्धी विवरणअनुसार यो अवधिमा नेपालले रू १२ खर्ब एक अर्ब ५० करोड बराबरको आयात गर्दा रू एक खर्ब १८ अर्ब २८ करोड बराबरको निर्यात गरेको छ ।

गत आर्थिक वर्षको तुलनामा यस वर्ष समग्र वैदेशिक व्यापार घटेको छ । विभागका अनुसार चालु आर्थिक वर्षको नौ महिना अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १८ र निर्यात २६ दशमलव ३४ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा समग्र व्यापार घाटा पनि १८ दशमलव ८९ प्रतिशतले घटेको देखिन्छ । विभागको तथ्याङ्कअनुसार समग्र वैदेशिक व्यापारमा आयातको हिस्सा ९१ दशमलव ०४ र निर्यातको हिस्सा आठ दशमलव ९६ प्रतिशत बराबर रहेको छ । चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा भारतसँग मात्र नेपालले रू छ खर्ब ७० अर्ब ७६ करोड बराबरको व्यापार घाटा व्यहोरेको छ । अर्थात् यो अवधिमा नेपालले भारतबाट रू सात खर्ब ५३ अर्ब ७५ करोड बराबरको वस्तु आयात गर्दा रू ८२ अर्ब ९८ करोड ५३ लाख बराबरको निर्यात गरेको देखिएको हो । अर्को छिमेकी मुलुक चीनसँग यही अवधिमा नेपालले रू एक खर्ब ६१ अर्ब ८१ करोड बराबरको व्यापार घाटा बेहोरेको छ । अर्थात् चैत मसान्तसम्ममा नेपालले चीनबाट रू एक खर्ब ६२ अर्ब ४४ करोड ८४ लाख बराबरको वस्तु आयात गर्दा रू ६३ करोड ६८ लाख बराबरको मात्रै निर्यात गरेको देखिएको हो । संयुक्त अरब इमिरेट्स (युएई) पनि नेपालले बढी वैदेशिक व्यापार गर्ने मुलुकका रुपमा देखिएको छ । यो अवधिमा नेपालले युएईबाट रू २५ अर्ब ९१ करोड १२ लाख बराबरको वस्तु आयात गर्दा रू ४२ करोड ७० लाख बराबर मात्रै निर्यात गरेको छ । त्यस्तै चैत मसान्तसम्ममा नेपालले अमेरिकाबाट रू १४ अर्ब ४७ करोड ७५ लाख बराबरको वस्तु आयात गरेको छ भने रू १३ अर्ब ९० करोड ९५ लाख बराबरको निर्यात गरेको छ । नौ महिना अवधिमा नेपालले सबैभन्दा धैरे रू एक खर्ब १२ अर्ब ४० करोड बराबरको डिजेल र रू ४९ अर्ब ७४ करोड ७२ लाख बराबरको पेट्रोल आयात गरेको छ । रू ४४ अर्ब ८४ करोड बराबरको खाना पकाउने ग्यास आयात भएको छ । नेपालले बढी आयात गरेको वस्तुमा फलामजन्य वस्तु चौथो स्थानमा छ । चैत मसान्तसम्ममा रू ३० अर्ब ६३ करोड बराबरको फलामजन्य वस्तु आयात भएको छ । त्यस्तो अप्रशोधित तेल रू ३० अर्ब र अप्रशोधित पाम तेल रू २२ अर्ब बराबरको आयात भएको देखिन्छ ।

# मन्त्रीसमक्ष किशोरीका २२ बुँदे माग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङले मङ्गलबार किशोरीहरूसँग संवाद गर्नुभयो ।

जागृति बाल तथा युवा सरोकार नेपालले नवलपुरको कावासोतीदेखि आएको किशोरी अभियानकर्मीको टोलीसँग मन्त्री गुरुङको भेट गराएको थियो ।

पोखरामा भएको 'किशोरी संवाद' कार्यक्रममा किशोरी समूहका प्रतिनिधिले मन्त्री गुरुङसमक्ष ध्यानाकषर्षणपत्र बुझाए । किशोर-किशोरी तथा बालबालिकाको हकहित समेटिएको २२ बुँदे मागसहित मन्त्रीको ध्यानाकर्षण गराइएको हो । ध्यानाकर्षणपत्रमा किशोरीमैत्री शौचालय निर्माणदेखि बालबालिकाको पोषणभत्तासम्मका माग उठाइएको किशोरी अभियानकर्मी शशि कार्की क्षेत्रीले जानकारी दिनुभयो । ध्यानकर्षणपत्रको पहिलो बुँदामा किशोरी तथा बालिकाको मानवीय विकास र क्षमता अभिवृद्धिका लागि लगानी वृद्धि गर्न माग गरिएको छ । प्रदेश सरकारले ल्याएको बालबालिकासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहसम्मै संयन्त्र निर्माण गर्नुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ । विद्यालयमा स्वास्थ्यकर्मी तथा मनोविमर्शकर्ताको व्यवस्था हुनुपर्ने, मन्त्रालय र मातहतका निकायमा किशोरी तथा बालिकाका लागि छुट्टै सेवा क्षेत्र तोक्नुपर्ने, सहरी पूर्वाधार र यातायात सेवा बालबालिका र किशोरीमैत्री हुनुपर्ने माग गरिएको छ । ध्यानाकर्षणपत्रमा विद्यालयमा किशोरीलाई उपलब्ध गराइने सेनेटरी प्याड गुणस्तरीय हुनुपर्ने र सोको प्रयोगपछि व्यवस्थापनका लागि विसर्जनयोग्य शौचालय हुनुपर्ने उल्लेख छ । प्रत्येक स्थानीय तहमा कर्मचारी र बजेटसहित बालिका हेर्ने छुट्टै डेक्स र बालबालिकाको समस्या समाधानका लागि बाल हेल्पलाइनको व्यवस्था गर्नुपर्ने उल्लेख छ । विद्यालय तहको पाठ्यपुस्तकमा बालबालिका र किशोर-किशोर ीसम्बन्धी ऐन, नियम, कानुनका साथै व्यवहारिक र नैतिक विषय समावेश गरी पठनपाठनको प्रबन्ध गर्न ध्यानाकर्षण गराइएको छ । बालबालिकाका लागि पोषणभत्ता र विद्यालय खाजाको रकम थप्न माग गरिएको छ । ध्यानाकर्षणपत्रमा बालबालिकाको सशक्तीकरण र हिंसा न्यूनीकरणका लागि सबै स्थानीय तहमा आत्मसुरक्षा, नेतृत्व विकास र उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ । 'बालिका बीमा' कार्यक्रम सञ्चालन गर्न सरकारसँग माग गरिएको छ । मन्त्री गुरुङसँगको संवादमा पनि किशोरीले विभिन्न माग र गुनासा राखेका थिए । किशोरी अभियानकर्मी सवनम सुनारले यौजजन्य हिंसाका घटनाबाट किशोरी पीडित भइरहेको बताउनुभयो । "आफ्नै भन्नेहरूबाट पनि किशोरी पीडित छन्", उहाँले भन्नुभयो, "यस्ता घटनाको रोकथाम र पीडितले न्याय पाउने वातावरण बन्नुपर्छ ।" शशि कार्की क्षेत्रीले सबै किशोरीलाई निःशुल्क सेनेटरी प्याडको व्यवस्था हुनुपर्ने माग गर्नुभयो । उहाँले प्रत्येक विद्यालयमा नर्स राख्ने सरकारको निर्णय कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । मान्षु न्यौपानले बालबालिकाको खाजावापत सरकारले दिने गरेको रकम थप गर्न माग गर्नुभयो । राष्ट्रिय बालअधिकार परिषद् गण्डकीका प्रमुख बद्रीप्रसाद वाग्लेले किशोरीको सुरक्षा र पोषणमा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो । गण्डकी प्रदेश शिक्षा निर्देशनालयका निर्देशक अम्बिकाप्रसाद आचार्यले किशारी र बालबालिकामैत्री नीति निर्माणमा जोड दिनुभयो । "सचेतना अभिवृद्धि भएको छ, केही सुधारात्मक कार्य पनि भएका छन्", उहाँले भन्नुभयो, "स्रोत साधनको अभावले सोचे जसरी काम गर्न सकिएको छैन ।" किशोरीको भौतिक सुरक्षादेखि सरसफाइ, पोषण, बालमैत्री शैक्षिक पूर्वाधारजस्ता क्षेत्रमा राज्यका निकायले लगानी बढाउनुपर्ने उहाँले बताउनुभयो ।

मन्त्री गुरुङले प्रदेश सरकारले ल्याएको बालबालिकासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध पक्षको सहयोगको अपेक्षा गर्नुभयो । उहाँले किशोरीबाट उठेका मागका विषयलाई प्रदेश सरकारको नीति, कार्यक्रममा समावेश गर्न मन्त्रालयको तहबाट पहल लिने प्रतिबद्धता जनाउनुभयो । किशोरीको टोलीले यसअघि सोमबार गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई पनि भेटेर आफ्ना मागबारे ध्यानाकर्षण गराएका थिए । जागृति बाल तथा युवा सरोकार नेपालले नवलपुरको कावासोतीनगरपालिकामासञ्चालन गरेको किशोरी सशक्तीकरण कार्यक्रमअन्तर्गत मुख्यमन्त्री, मन्त्रीलगायतसँग 'किशोरी संवाद' कार्यक्रमको आयोजना गरिएको उक्त संस्थाका अध्यक्ष तिलोत्तम पौडेलले जानकारी दिनुभयो ।

◆ चौध बर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं ।

◆ बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो ।

◆ बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।

◆ बालबालिकाको शारिरीक र मानसिक विकासमा सहयोग गरौं ।

बालश्रम उन्मुलन अभियानमा सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सधैं मन्त्रीको आश्वासन

चुनावी सभामा गएर जिताए मन्त्री बनाउने सत्ता गठबन्धनका नेताहरूले दिने गरेका छन।सरकारमा रहेका दलका शिर्ष नेताले जनताको चाहना बुझ्न नसक्दा मन्त्री बनाउने आश्वासन दिने गरेका छन।मन्त्री यति सस्तो बनाउने गरेका छन। जहाँ जहाँ चुनाव हुँदैछ त्यहीँ गएर मन्त्री बनाउने वाचा गर्नु सरकारलाई जनताको विश्वास छैन भन्ने सन्देश हो। मंसिर ४ मा भएको निर्वाचनमा मन्त्रीको आश्वासन दिने माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड काङ्ग्रेसले प्रधानमन्त्री दिन तयार नभएपछि एमाले अध्यक्ष केपी शर्मा ओलीले बनाएको गठबन्धनबाट प्रधानमन्त्री बने।चुनाव अघिको गठबन्धन भत्किएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले फेरि पुरानै शैली अपनाएका छन।काङ्ग्रेस भित्र भागबन्डा मिलाउन सकस परेर किस्ता किस्तामा मन्त्री बनाउँदै आएका प्रचण्डले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मन्त्री बनाउन नमाने सरकार टिक्न गाह्रो छ।आफैं कहिलेसम्म टिक्ने टुङ्गो नभएको बेला काङ्ग्रेसलाई मन्त्री बनाउने कुरा चुनावी प्रचार मात्र हो।

प्रधानमन्त्री प्रचण्डले तनहुँ-१ मा नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईलाई विजयी बनाउन अपील गरे। तनहुँमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले भट्टराईलाई बिजयी बनाएर पठाए मन्त्री बनाउने जिम्मा आफ्नो रहेको बताएर।गोर्खाका काङ्ग्रेस सांसद राम शरण बजगाँईलाई जिते मन्त्री बनाउछु भनेका थिए।उनी मन्त्री बन्न सकेनन्।अहिले काङ्ग्रेस एमाले मिल्नु पर्छ भन्ने लविङमा छन। पमंसिर ४ अघि चुनावी सभामा प्रचण्डले रामचन्द्र पौडेलजीलाई जिताए प्रधानमन्त्री बन्नुहुन्छ भनेको थिए।आफैं प्रधानमन्त्रीको आकांक्षा राखेर गतिविधि गर्नेले अरुलाई प्रधानमन्त्रीको आश्वासन दिनु भुक्याउने काम मात्र हो। प्रचण्डले मतदाता न्यायाधीश रहेको भन्दै भट्टराईलाई विजयी बनाउन आग्रह गरे। भने, 'गोविन्दजीलाई जिताउनुहोस। उहाँ मन्त्री बन्नुहुन्छ। म प्रधानमन्त्री छु, मन्त्री बनाउने मैले हो। यो प्रांगन भाग्यमानी छ। तपाईंहरूले रामचन्द्रजीलाई जस्तै गठबन्धनका साझा उम्मेदवार गोविन्दजीलाई जिताउनुहोस्। बाँकी काम हाम्रो हो। यो उपचुनावपछि हाम्रो सरकार रहिरहने हो।'

गोविन्द भट्टराई त्याग र तपस्याका रूपमा कीर्तिमानी बनाएको योग्य उम्मेदवार रहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ। प्रचण्डले भने, 'तपाईंहरू बीचबाटै हुर्किएको योग्य उम्मेदवार हो उहाँ। त्यसकारण कुनै द्विविधामा नपरिकन उहाँलाई भोट हाल्नुहोला। तपाईंहरू न्यायाधीश हो। तपाईंहरूले उचित फैसला गर्नुहोस। त्यसको व्यवस्थापन गर्ने जिम्मा हामीले लिन्छौं। यहाँको विकास र समृद्धिका बारेमा म पनि कटिबद्ध छु।' मुग्लिङ-पोखरा सडक निर्माणको कामलाई तिव्रता दिइने बताए।मंसिर को चुनावमा दिएको आश्वासन पुरा भएको छैन।सडकको धुलोले पीडित जनताले पत्याउने आधार न्यून छ।सरकारले राम्रोसँग काम गर्न सकेको भए यस्ता आश्वासन दिनै पर्ने थिएन।२५- ३० वर्षअघिदेखि शासन सत्तामा भएका नेताहरूको पूरा नहुने वाचा र सत्ताका लागि जे पनि गर्न तयार भएकैले देशको प्रधानमन्त्री र पुर्व प्रधानमन्त्रीको भाषणमा जनताको सहभागिता न्यून हुनु हो।

# मोटरसाइकलको ठक्करबाट चितुवाको मृत्यु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ वैशाख

म्याग्दीमा गए राति मोटरसाइकलको ठक्करबाट चितुवाको मृत्यु भएको छ। बेनी नगरपालिका-१ रत्नेचौरको घैयारामा बागलुङबाट आउँदै गरेका सुशील खत्रीको बा८प ४०७२ नंको मोटरसाइकलको ठक्करबाट चितुवाको मृत्यु भएको हो।

सडक पार गर्दै गरेको चितुवा मोटरसाइकलसित ठोक्किएपछि घटनास्थलमै मृत्यु भएको डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो। चितुवाको टाउको ठोक्किएको थियो। करिब ४० किलोको चितुवाको उमेर दुई वर्ष अनुमान गरिएको रानाभाट बताउनुहुन्छ। मोटरसाइकल चालक खत्रीको अवस्था भने सामान्य रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। वनजङ्गलमा लागेको डढेलोका कारण अहिले चितुवाको बासस्थान खलबलिएको प्रमुख रानाभाटको भनाइ छ।

# लमजुङका स्थानीय तहसँग छैन दमकल

**पोखरापत्र संवाददाता**
लमजुङ, ६ वैशाख

जिल्लाका अधिकांश स्थानीय तहसँग आगलागी नियन्त्रण गर्न दमकल रहेका छैनन्। जिल्लामा चार नगरपालिका र चार गाउँपालिका छन्।

आगलागी भइहाले पनि बेंसीसहर नगरपालिकाकै दमकल पुग्नुपर्ने बाध्यता रहेको छ। टाढाटाढा आगलागी हुँदा जान समय लाग्ने गरेकाले पनि समस्या हुने गरेको छ। बेंसीसहर नगरप्रमुख गुमानसिंह अर्यालले भन्नुभयो, "ठूलो आगलागी भएको बेला अन्य स्थानीय तहले हाम्रै नगरकै दमकल प्रयोग गर्ने गरेको छ। प्रायः स्थानीय तहको अधिकांश बस्ती तथा भागमा सडक पुगे पनि भौगोलिक संरचनाका कारण जिल्लाका सबै ठाउँमा आगलागी हुँदा दमकल पुग्न सम्भव छैन।"क्व्होलासोथर गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङले पालिकाभित्र दमकल आवश्यक रहे पनि बजेट अभावले खरिद गर्न नसकेको बताउनुभयो। "दमकल मात्र खरिद गरेर पनि हुँदैन आवश्यक दक्ष जनशक्तिदेखि प्राविधिक कुराहरू पनि आवश्यक हुन्छ", उहाँले भन्नुभयो।

# प्रधानमन्त्री दाहालद्वारा चुम शताब्दी श्याग्या महोत्सव शुभारम्भ

**पोखरापत्र संवाददाता**
गोरखा, ६ वैशाख

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा आजदेखि 'चुम शताब्दी श्याग्या महोत्सव २०८०' सुरु भएको छ।

'अहिंसा अभियान, चुमबासीको पहिचान' भन्ने नाराका साथ प्रकृति र संस्कृतिको संरक्षणका लागि महोत्सवको सुरु भएको चुम शताब्दी श्याग्या महोत्सव २०८० मूल समारोह समितिका अध्यक्ष तथा चुमनुब्री गाउँपालिका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो। चुमनुब्री गाउँपालिका-७ छेकम्पार स्थित राजेन गुम्बामा सुरु भएको महोत्सवको एक कार्यक्रमबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आज उद्घाटन गर्नुभयो। चुम क्षेत्रको चिनारी, निरन्तरता, प्रचारप्रसार तथा जैविक विविधता संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यका साथ आयोजना भएको महोत्सव तीन दिनसम्म सञ्चालन हुने अध्यक्ष लामाले जानकारी दिनुभयो। विसं १९७७ को बुद्धजयन्तीका अवसरमा अवतारी लामा सेराप दोर्जेले आफ्नो तपोभूमि चुम उपत्यकाका बासिन्दालाई अहिंसात्मक सिद्धान्तको पालना गर्ने गरी सामूहिक प्रतिबद्धता गराउनुभएको र त्यस समयदेखि नै चुमबासीले चुम उपत्यकालाई अहिंसात्मक क्षेत्र घोषणा गरेका थिए। अहिंसा क्षेत्र भएकाले त्यहाँ कुनै प्रकारको काटमार हुँदैन। महोत्सवले चुमबासीहरूको सामाजिक सांस्कृतिक एकतालाई थप मजबुत बनाउनाका साथै प्राकृतिक तथा संस्कृति संरक्षणमा सहयोग पुऱ्याउने र सामूहिक प्रतिबद्धतालाई अझ बलियो बनाउने विश्वास व्यक्त अध्यक्ष लामाको छ।

महोत्सवमा शान्तिदीप प्रज्वलन र चुम उपत्यका स्थानीय समुदायद्वारा हस्ताक्षर गरी अहिंसा क्षेत्रलाई निरन्तरताका लागि प्रतिबद्धता जनाउने कार्यक्रम रहेको अध्यक्ष लामाले जानकारी दिनुभयो। भोलि वैशाख ७ गते दोस्रो दिन शान्तिको पदयात्रा, धर्मगुरुबाट क्षमापूजा, बौद्धका प्रवचन र सांस्कृतिक कार्यक्रम हुने उहाँको भनाइ छ। महोत्सवकै अवसरमा सो क्षेत्रमा वृक्षारोपण गर्ने, वैशाख ८ गते प्रकृति र संस्कृति संरक्षण गरी प्रमुख लब्राङ लामाबाट ऐतिहासिक नाराक छ्याम् लाखे नाच प्रदर्शनीसहित स्थानीय र परम्परागत खेलकुद कार्यक्रम सञ्चालन हुने जनाइएको छ। त्यस्तै, महोत्सवको अन्तिम दिन वैशाख ९ गते परम्परागत घोडेजात्रा, स्थानीय संस्कृति कार्यक्रमहरूको प्रदर्शनी गरी चुम श्याग्या शताब्दी महोत्सवको समापन गरिने उहाँको भनाइ छ। मेलामा पालिकाभन्दा बाहिरबाट एक हजार बढी महोत्सव अवलोकनका लागि चुम उपत्यका पुग्ने आयोजकले अपेक्षा गरेको छ। पर्यटक आउजाउ गरिरहने क्षेत्र भएकाले महोत्सवका हेर्न आउनेहरूका लागि खान र बस्न होटलको राम्रो सुविधा रहेको आयोजकले जनाएको छ। होटलमा बास नपुगे खानपान र बासस्थानका लागि होमस्टेको राम्रो व्यवस्था रहेको उहाँले बताउनुभयो।

महोत्सव सम्पन्न गर्न लागि करिब रु एक करोड ५० लाख खर्च लाग्ने अनुमान गरिएको छ। अहिलेसम्म करिब रु ४५ लाख सङ्कलन गरिएको मूल समारोह समितिका अध्यक्ष लामाले जानकारी दिनुभयो। चुम उपत्यकामा हरेक वर्ष करिब एक हजार पाँच सयभन्दा बढी विदेशी पर्यटक पुग्छन्। नेपाली पर्यटक पनि चुम उपत्यका पुग्ने क्रम पछिल्लो समय बढ्दै गएको उहाँले बताउनुभयो।

# बागलुङ-बेनी सडक : वैशाख १२ गतेसम्म बन्द

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ वैशाख

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-बागलुङ सडक सात दिनका लागि बन्द गरिएको छ।

बेनी नगरपालिका-१ रत्नेचौरको भुवानेदेखि हुलाके खण्डको सडक कालोपत्र गर्नका लागि मङ्गलबारदेखि यही वैशाख १२ गतेसम्मका लागि सडक पूर्ण रूपमा बन्द गरिएको पूर्वाधार विकास कार्यालय म्याग्दीले जनाएको छ। सवारी साधनको चापका कारण कालोपत्र गर्ने काम प्रभावित बनेपछि आवतजावत रोकेर कालोपत्र सुरु गरिएको पूर्वाधार विकास कार्यालयका प्राविधिक रविन चोखालले जानकारी दिनुभयो। "सवारी साधनको चापले सडक कालोपत्रको काम गर्न समस्या भएपछि निर्माण व्यवसायीको अनुरोधमा आवतजावत रोकिएको हो," उहाँले भन्नुभयो, "बागलुङ-बेनी आवतजावत गर्ने सवारी साधनलाई पर्वतको मालढुङ्गा-बेनी सडक प्रयोगको व्यवस्था मिलाइएको छ।" यो सडक विस्तार र कालोपत्र गर्न सडक डिभिजन कार्यालय बागलुङले विसं २०७४ साउनमा नागार्जुन देव एन्ड सायर बिप्न जेभीसँग रु १३ करोड १५ लाखमा ठेक्का सम्झौता गरेको थियो। विसं २०७५ मा प्रदेश सरकार अन्तर्गतको पूर्वाधार विकास कार्यालय म्याग्दीमा हस्तान्तरण भएको यो सडक निर्माण विसं २०७६ मा सक्ने लक्ष्य थियो। ९२ प्रतिशत भौतिक प्रगति भएको सडक निर्माणको काम तीन वर्षपछि सञ्चालन भएको हो। निर्माण कम्पनीका प्रतिनिधि नारायण जिसीले सडकमा कालोपत्रका लागि बेस बिछ्याएर सम्याउने र लोडरले पेल्ने काम सकिएको बताउनुभयो। "वि.स. २०७६ मा कोरोना महामारी सुरु भएपछि रोकिएको सडक निर्माणलाई २०७७ साल असारको बाढीपहिरोले क्षति पुऱ्यायो," उहाँले भन्नुभयो, "पहिराले क्षति गरेपछि गर्नुपर्ने अतिरिक्त कामको भेरिएसन अर्डर (भिओ) स्वीकृत भएपछि यसपालि कालोपत्र गर्ने कामलाई पूर्ण दिन लागिएको हो।" निर्माण नसकिँदै पहिलो चरणमा भएको कालोपत्र उप्किएर खाल्डाखुल्डी परेको, पर्खाल भत्किएको र नाली पुरिएको थियो। पहिलो पन्छाउने, नाली सफा र खाल्डाखुल्डी पुरेर कालोपत्रका लागि तयारी बनाइएको छ। बेनी–मालढुङ्गा सडक स्तरोन्नतिको चरणमा रहेको हुँदा म्याग्दी र मुस्ताङबाट पोखरा आवतजावत गर्ने सवारी साधनले बेनी-बागलुङ वैकल्पिक सडक प्रयोग गर्दै आएका छन्। सातदेखि दश मिटर फराकिलो बनाएर विस्तार भएको सडकमा डिबिएसडी प्रविधिको कालोपत्र गर्न लागिएको हो।

पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख गुरुदत्त अधिकारीले लामो प्रयासपछि रत्नेचौर-बेनी सडकले कालोपत्रहुनलागेकोबताउनुभयो। बागलुङदेखि बेनीसम्मको करिब १७ किलोमिटर सडकमध्ये बागलुङ खण्डमा सडक डिभिजन कार्यालयमार्फत स्तरोन्नति गरिएको छ। बेनीदेखि खबरासम्म करिब दुई किलोमिटर सडक गत वर्ष कालोपत्र भएको थियो।

# सामुदायिक वनमा पोखरी निर्माण

**पोखरापत्र संवाददाता**
गोरखा, ६ वैशाख

वन्यजन्तुका लागि गोरखाका सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ।

डिभिजन वन कार्यालयले वन्यजन्तुलाई पानी अभाव हुन नदिन जिल्लाभित्रका १६ सामुदायिक वनमा पोखरी निर्माणको काम सम्पन्न भइसकेको डिभिजन वन कार्यालय गोरखाका प्रमुख डिभिजन वन अधिकृत अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो।

"चालु आर्थिक वर्षको कार्यक्रमबाट छ सामुदायिक वनमा पोखरी निर्माण सम्पन्न भइसकेको छ", उहाँले भन्नुभयो, "थप चार सामुदायिक वनमा अहिले पोखरी निर्माणको काम भइरहेको छ।" उहाँले गएको आर्थिक वर्ष २०७८/७९ मा छवटा र त्यसभन्दा अघिसमेत नमूनाका रूपमा चारवटा सामुदायिक वनमा पोखरी निर्माण गरिएको जानकारी दिनुभयो। सामुदायिक वनमा करिब नौ मिटर लम्बाइ, चार मिटर चौडाइ र एक मिटर गहिराइको पोखरी निर्माण गरिएको कार्यालय प्रमुख श्रेष्ठले बताउनुभयो।

कार्यालयले सामुदायिक वनसँगको लागत साझेदारी पोखरी निर्माण गरेको उहाँले बताउनुभयो। कार्यालयको तर्फबाट छनोटमा परेका सामुदायिक वनलाई रु एक लाख उपलब्ध गराउने र सामुदायिक वनले त्यसको २० प्रतिशत लागत साझेदारीमा पोखरी निर्माण गर्ने गरी कार्यविधि बनाएर कार्यक्रम कार्यान्वयन गरिएको उहाँले भनाइ छ। पोखरी निर्माणले जङ्गलमा पानी स्रोतलाई समेत जगेर्ने हुने भएकाले पनि कार्यक्रम प्रभावकारी बनेको उहाँले बताउनुभयो। "पोखरी निर्माणपछि एकातर्फ जङ्गली जनावरलाई पानीको अभाव हुन पाउँदैन भने अर्कातिर पानीको स्रोत जोगाउन पनि यसले महत्वपूर्ण भूमिका खेल्छ, प्रमुख श्रेष्ठले भन्नुभयो, "वनको बीचमा पोखरी भएपछि डढेलो नियन्त्रणका लागि समेत सजिलो हुन्छ।"

कार्यालयले पोखरी निर्माणका लागि प्रस्ताव माग गरेर सामुदायिक वन छनोट गरेको उहाँको भनाइ छ। "हामीले प्रस्ताव आह्वान गरेपछि निवेदन परेकामध्ये मापदण्ड पूरा भएका १० सामुदायिक वनलाई छनोट गरी कार्यक्रम अघि बढाएका हौं", उहाँले भन्नुभयो, "पानीको स्रोत, जमिनको अवस्थालगायतका सबै मापदण्ड पुगे/नपुगे प्राविधिकले अनुगमन गरेपछि सम्झौता गरेर पोखरी निर्माण थालिएको हो।" वनमा निर्माण गरिएका पोखरीको स्थलगत अनुगमनका क्रममा जङ्गली जनावरको पाइला भेटिएको साथै जनावरले पोखरीको प्रयोग गरेको पाइएकाले पोखरी निर्माण प्रभावकारी भएको उहाँको भनाइ छ। "अघिल्ला वर्षमा नमूनाका रूपमा सामुदायिक वनमा पोखरी निर्माण गरेपछि कार्यक्रम राम्रो र प्रभाकारी भएको निष्कर्षसहित गएको आर्थिक वर्षदेखि भने कार्यालयले प्राथमिकतामा राखेर यो कार्यक्रमलाई अगाडि बढाएको छ", उहाँले भन्नुभयो, "आगामी आवका लागि हामीले यहीँ कार्यक्रमलाई प्रस्ताव गरेका छौं।"

# पोखराको बजारमा बेन्को एस.वान.मोबाइल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ वैशाख

पोखराको बजारमा नयाँ मोबाइल बेन्को एस.वान. भित्रिएको छ। पोखराका लागि आधिकारीक बिक्रेताको रुपमा रहेको एम.टि.एस. ट्रेडर्सले पोखरा बजारमा उक्त मोबाइल भित्र्याएको हो।

हाल बजारमा दुई प्रकारका बेन्को एस.वान.मोबाइल उपलब्ध भएको एम.टि.एस. ट्रेडर्सका प्रोपाइटर एवं युवा व्यवसायी तारानाथ आचार्यले बताए। ४ जिबी ऱ्याम १२८ जिबी जसको बजार मुल्य १३ हजार ९ सय ९९ रहेको छ भने ६ जिबी ऱ्याम १२८ जिबी स्टोरेजमा रहेको मोबाइलको मुल्य भने १५ हजार ९ सय ९९ रहेको उनले जनाए। उक्त मोबाइलमा एक सय दिनसम्म कुनै पनि समस्या आएमा कम्पनीले सिधै फिर्ता गरी नयाँ मोवाइल उपलब्ध गराउने भएको पोखराका लागि कम्पनी प्रतिनिधि शंकर क्षेत्रीले बताए। उक्त मोबाइलको फिचर अनुसार बजारमा सस्तो आकर्षक एवं उत्कृष्ट भएको उनको दाबी छ।

यो मोवाईलले धेरै ग्राहक बर्गको मन जित्न सफल हुने एम.टि.एस. ट्रेडर्सका प्रोपाइटर आचार्यले विश्वास व्यक्त गरे।

कुराकानीको क्रममा सुनम भट्टराई र ढाकामोन अधिकारीले पोखराको बजारमा यस्ता मोवाइलको माग भएकोले उनीहरुको चित्त बुझाउन सहज हुने जनाए। नेपालको लागि भने उक्त मोवाइलको आधिकारीक बिक्रेता अम्बे मोबाई प्रा.लि.रहेको छ।


## कम्पनीको नाम परिवर्तनको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/१/७)

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०७९/१२/२९ को निर्णयानुसार अन्नपूर्ण हाट बजार प्रा.लि. को नाममा रहेको सम्पूर्ण चलअचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी अन्नपूर्ण फार्मर्स मार्ट प्रा.लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यासित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# गाउँघर पनि प्रदूषणको चपेटामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ बैशाख

वसन्त ऋतुको सौन्दर्यमा रमाउन र मधेशको गर्मी छल्न १४ जना साथीसहित म्याग्दीको पुनहिल पुग्नुभएका नवलपुर अमरापुरीका सुन्दर सापकोटाले न हिमाल हेर्न पाउनुभयो न त वनैभरि फूलेका विभिन्न प्रजातिका लालीगुराँस हेर्दै रमाउन ।

घोडेपानी, पुनहिललगायत म्याग्दीका पर्यटकीयस्थलको भ्रमणका लागि एक साताको बिदा लिएर म्याग्दी आउनुभएका सापकोटा र उहाँका साथीले प्रकृतिको दृश्यावलोकन गर्न त पाउनु भएन नै आँखा र टाउको दुख्ने, आँखाबाट आँशु र नाकबाट पानी बग्ने शारीरिक समस्याले समेत ग्रस्त हुनुभयो ।

म्याग्दीका ग्रामीण क्षेत्रमासमेत तुवाँलोले प्रदूषण बढाएपछि वसन्तको मौसममा ग्रामीण क्षेत्रमा पुगेका पर्यटक र स्थानीयवासीको दैनिकीसमेत प्रभावित बनेको छ। वायुप्रदूषण र मौसम परिवर्तनका कारण आँखा र नाक पोल्ने, घाँटी दुख्ने, रुघा लाग्ने, ज्वरो आउने जस्ता समस्या देखिन थालेपछि हिउँदेबाली थन्काउने, मकै गोड्ने लगायतका काम छोडेर स्थानीय बासिन्दा स्वास्थ्य संस्था धाउन थालेका छन् । म्याग्दीका पर्यटकीयस्थलमा घुम्न गएका आन्तरिक तथा बाह्य पर्यटक पनि बसाइँ छोट्याएर फर्किन थालेका पर्यटन व्यवसायीले बताएका छन् ।मङ्गलबार म्याग्दीको बेनी नगरपालिका-३ मा पर्ने पर्यटकीयस्थल बेलढुङ्गा घुम्न आउनुभएका बागलुङ रामरेखाका सतिश घर्तीले तुवाँलोका कारण बेलढुङ्गाबाट नजिकको स्वर्गाश्रम, म्याग्दी नदी, हिमाल र बेनी बजारको दृश्यसमेत देख्न नपाएको बताउनुभयो । "प्रदूषण सहरमा मात्रै होइन ग्रामीण क्षेत्र र वन जङ्गलमासमेत फैलिइसकेछ, हिमाल पनि प्रदूषणले ढाकिदिएछ, प्रकृति पनि तुवाँलोले छेकिदिएछ", घर्तीले भन्नुभयो । आकाश तुवाँलोले भरिएपछि घाम पनि छेकिएको छ। करिब एक किलोमिटरको दूरीका गाउँसमेत देख्न मुस्किल छ। समुद्री सतहदेखि दुई हजार ६ सय १४ मिटर उचाइमा रहेको बेलढुङ्गाबाट विगत एक सातायता न हिमाल देख्न पाइएको छ न प्राकृतिक सौन्दर्य नै । म्याग्दी र छिमेकी जिल्ला पर्वत तथा बागलुङका विभिन्न ठाउँमा लागेको डढेलोका कारण जिल्लाका ग्रामीण बस्तीसमेत प्रदूषणको चपेटामा परेका बेनी नगरपालिका-२ का वडाअध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो । डिभिजन वन कार्यालय म्याग्दीका अनुसार वन जङ्गलमा लागेको डढेलोबाट निक्लेको धुवाँले सदरमुकाम बेनीसहित जिल्लाका ग्रामीण भेगमासमेत प्रदूषण बढेको छ । बेनी नगरपालिका-३ भकिम्लीको गजुरे सामुदायिक वनमा आइतबार बिहानदेखि लागेको आगो नियन्त्रणमा आइसकेको भए पनि निक्लेको धुँवाले भने वरपरका बस्ती अझै छोपेको छ। वनभित्र ढलेका ठूला रुखका मुढा, रुखमा सल्केको आगो भने अझै देखिन्छ। डढेलोले भकिम्लीका करिब २५ हेक्टर क्षेत्रफलको वन क्षेत्रमा क्षति पुगेको छ । वैशाख लागेसँगै डढेलोमा म्याग्दीको करिब ७० हेक्टर वन क्षेत्रमा क्षति पुऱ्याएको डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख मनोज रानाभाटले बताउनुभयो । सदरमुकाम वरपरका सामुदायिक वनमा मात्र होइन, माथिल्लो क्षेत्रका राष्ट्रिय वन तथा संरक्षण क्षेत्रका वनमा डढेलो लागेकाले ग्रामीण क्षेत्रमासमेत प्रदूषण बढेको उहाँको भनाइ रहेको छ। बढ्दो खडेरीका कारण हिमालमुनिका बुट्यानमासमेत दैनिक डढेलो लागिरहेको छ। कार्यालयका सहायक वन अधिकृत नरबहादुर क्षेत्री खडेरीले गर्दा राष्ट्रिय वनमा दैनिक डढेलो लागिरहेको बताउनुभयो। बस्तीदेखि धेरै टाढा हिमालमुनिको जङ्गलमा डढेलो लागेकोले चासो कम क्षति बढी भइरहेको उहाँको भनाइ छ।

गतवर्ष तीन सय ४१ हेक्टर वन क्षेत्रमा डढेलो लागेको कार्यालयले जनाएको छ। जिल्लाको दुई लाख २९ हजार सात सय ६ हेक्टर क्षेत्रफल छ । त्यसमा ३६.७६ प्रतिशत वन, १.८५ झाडी, २१.२७ प्रतिशत चरन क्षेत्रले ओगटेको छ। ढोरपाटन सिकार आरक्षले एक हजार दुई सय ६० हेक्टर, एक्यापले तीन हजार सात सय ५३ हेक्टर वन क्षेत्र ओगटेको छ। वन कार्यालयले व्यवस्थापन गर्ने ७९ हजार चार सय ३९ हेक्टर वनमध्ये २४ हजार दुई सय दुई हेक्टर वन छन् । जसमा तीन सय १० वटा सामुदायिक वन उपभोक्ता समूहमार्फत व्यवस्थापन हुँदै आएको छ । यी वन क्षेत्र हिउँदमा डढेलो र वर्षामा भुस्खलनका साथै सडक विस्तारको बहानामा फँडानीको सिकार बन्दै आएका छन् । वनमा लागेको डढेलोले उत्पन्न प्रदूषणका कारण मानव स्वास्थ्यमा नकारात्मक असर पर्दै गएको बेनी अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा शङ्कर लामिछानेले बताउनुभयो। उहाँका अनुसार दैनिक तीन सय बढी बिरामी आउने गरेको अस्पतालमा अधिकांश रुघाखोकी, एलर्जी, दमलगायत श्वासप्रश्वास तथा निमोनियका बिरामी रहेका छन् ।

# प्रभावकारी भएन दिवा खाजा: जङ्क फुड खान्छ बालबालिका

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

सरकारले सामुदायिक विद्यालयमा बालबालिकालाई आकर्षित गर्न र कुपोषणबाट जोगाउन दिवा खाजाको व्यवस्था गरेको छ । दिवा खाजाले बागलुङका सामुदायिक विद्यालयमा विद्यार्थी नियमित उपस्थित हुने गरे पनि खाजाको गुणस्तरमाथि बेलाबेला प्रश्न उठिराखेको छ।

सरकारले कक्षा छ सम्मका विद्यार्थीलाई दैनिक रु १५ उपलब्ध गराउँदै आएको छ । विद्यालयमा ताजा र पौष्टिक आहारयुक्त खाजा खुवाउने निर्देशिका भए पनि यहाँका अधिकांश विद्यार्थीले घरबाटै खाजा बोकेर आउने गरेको पाइन्छ। विद्यार्थीले घरबाटै लिएर आउने खाजा गुणस्तरहीन हुने गरेको छ।

उनीहरूले घरबाट ल्याउने खाजा प्राङ्गारिक भए पनि बासी हुँदा विद्यार्थी बिरामी पर्ने गरेका छन् । विद्यार्थीले हरेक दिन पाउने रु १५ खाजाका लागि पर्याप्त नभएको स्थानीय तहले नियमित पनि निगरानी गर्न नसक्दा दिवा खाजा प्रभावकारी बन्न नसकेको अभिभावकहरू बताउँछन् । विद्यालयले निर्देशिकाभन्दा बाहिर गएर आफ्नो हिसाबले विद्यार्थीलाई खाजाको व्यवस्था गरेका छन् । कुनै विद्यालयले क्यान्टिन तथा स्थानीयवासीलाई खाजा बनाउने जिम्मा दिएको पाइन्छ, केहीले अभिभावकलाई नै जिम्मा दिएका छन् भने केहीले मात्रै आफैँले बनाएर खुवाउने गरेका छन् । विद्यार्थीले आफैँ ल्याउने खाजामा चाउचाउ, बिस्कुटलगायत पसलमा पाइने जङ्क फुड बोकेर आउने गरेका छन् । पालिका, विद्यालय तथा अभिभावक अहिलेसम्म पूर्णरूपमा जिम्मेवार बन्न नसक्दा बालबालिकाहरू पौष्टिक खाजा खानबाट वञ्चित भएका छन् । जिल्लामा अहिले पाँच सय १४ सामुदायिक विद्यालयमा ६२ हजार तीन सय २१ विद्यार्थी अध्ययन गर्दै आएका छन् । त्यसमध्ये अधिकाशं कक्षा छसम्म पढ्ने विद्यार्थी छन् । विद्यालयमै खाजा नबनाउँदा बालबालिकाले बासी र पौष्टिक आहार नष्ट भएको खाजा खाने गरेको अभिावक सीताकुमारी कार्कीको भनाइ छ।

बढ्दो महङ्गीका कारण सरकारले उपलब्ध गराएको रु १५ ले एउटा अन्डासमेत किन्न नपुग्ने भन्दै बालबालिकाले पेटभरि खाजा खान नपाएको गुनासो उहाँ गर्नुहुन्छ । कार्की भन्नुहुन्छ, "विद्यालयमै खाजा बनाएर खुवाउनुपर्ने हो तर बालबालिकाले बिहानै झोलामा बोकेर जान्छन्, दिउँसोसम्म खाजामा हुने पौष्टिक तत्व पनि घट्छ, बिहान जाता र तातो बनाएर पठायो, उनीहरूले खाने बेलासम्म सेलाएर बासी बन्छ ।" विद्यालयले उपलब्ध गराएको खाजाले पेट नभरिने भएका कारण बालबालिका घरबाट पैसा लगेर पसलका पत्रु खानेकुरा किनेर खान नछाडेको अभिभावक मीनबहादुर खत्री बताउनुहुन्छ । विद्यालयले उचित व्यवस्था गर्न सके विद्यार्थीले जङ्क फुडतर्फ आकर्षित नहुने उहाँको भनाइ छ । "विद्यार्थी धेरै हुन्छन्, विद्यालयमै एकजना कर्मचारी राखेर खाजा बनाएर दिए बालबालिकाहरूले ताजा खाजा खान पाउने थिए, भोकाएर बाहिर गइ चाउचाउ र बिस्कुट खान पर्ने थिएन", अभिभावक खत्री भन्नुहुन्छ । बागलुङ नगरपालिका-४ स्थित कुँडुले माविका प्रधानाध्यापक हिरालाल कँडेल जनशक्ति कम हुँदा विद्यालयमै खाजा बनाएर खुवाउन नसकिएको बताउनुहुन्छ। विद्यालय वरपरका पसलमा खाजा बनाउनका लागि आग्रह गरे पनि सरकारले उपलब्ध गराएको रकम कम हुँदा बनाउन नमानेको उहाँको भनाइ छ। विद्यार्थीले हरेक दिन फरक-फरक खाजा लिएर आउने गरेका छन् । "अहिले विद्यार्थीलाई स्कुलमै खाजा बनाएर खुवाउन सकिएको छैन, उनीहरूले घरबाटै खाजा लिएर आउने गरेकाले विद्यालयले पैसा दिने गरेको छ", प्रधानाध्यपक कँडेल भन्नुहुन्छ, "स्थानीयस्तरमा उत्पादित वस्तुलाई खाजाका रूपमा प्रयोग गरेको पाइन्छ, कहिले भात भुटेर ल्याउँछन्, कहिले रोटी, सातुलगायत खाजा ल्याउँछन्, जङ्क फुड निषेध नै छ, हामीहरूले अभिभावकलाई खाजाको समय तालिका बनाएर दिएका छौँ, उहाँहरूले सोही अनुसार खाजा बनाएर पठाउनुहुन्छ।"

बागलुङ नगरपालिकाका शिक्षा शाखाप्रमुख धनप्रसाद पोखरेल दिवा खाजाले सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित भएको बताउनुहुन्छ । उहाँ पहिलेको तुलनामा विद्यार्थी घटे पनि नियमित उपस्थित हुने बालबालिकाको सङ्ख्या बढिरहेको छ भन्नुहुन्छ । नगरपालिकाले बालबालिकालाई विद्यालयमै खाजा खुवाउने गरी व्यवस्थापन गर्न निर्देशन गरे पनि अहिले धेरै विद्यालयले बालबालिकालाई खाजा घरबाटै ल्याउन लगाएको पाइएको शाखाप्रमुख पोखरेलको भनाइ छ।

"बालबालिकाको स्वास्थ्यका लागि विद्यालयले नै खाजा खुवाउनुपर्छ, बिहान बोकेर आएको खाजा दिउँसोसम्म चिसो हुन्छ, त्यसले उनीहरूको स्वास्थ्यमा असर गर्छ, यसका लागि विद्यालय र अभिभावक जिम्मेवार बन्नुपर्छ," उहाँ भन्नुहुन्छ, "नगरपालिकाले समय-समयमा अनुगमन गरिरहेको छ, धेरै विद्यालयमा खाजा नबनाएको पायौँ, अब नयाँ शैक्षिक सत्रदेखि सबैलाई विद्यालयमै खाजा बनाउन निर्देशन गर्छौं, खाजाले बालबालिकालाई नियमित विद्यालय आउनका लागि प्रेरित गरेको पाएका छौँ, खाजा स्वच्छ, ताजा र पोषणयुक्त हुनुपर्छ भन्नेमा हामीहरूले जोड दिई राखेका छौँ।"

# पर्वतमा आगलागीका घटना बढ्दो

**पोखरापत्र संवाददाता**
पर्वत, ६ बैशाख

पर्वतमा यस वर्ष आगलागीका घटना बढ्दै गएको छ। विगत वर्षको तुलनामा बढी गर्मी र खडेरी परेका कारण आगलागीका घटना मौलाउँदै गएको हो । यस वर्षको गर्मीयाम सुरु भएपछि हालसम्म तीन सय ५० हेक्टर वन क्षेत्रमा आगलागी भएको छ।

जिल्लाका सातवटै पालिकामा रहेका सामुदायिक, व्यक्तिगत र सरकारी वनमा आगलागीका घटना बढेको डिभिजन वन कार्यालय पर्वतका प्रमुख विष्णु अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाका सातवटै स्थानीय तहमा गरी अहिलेसम्म २९ वटा वनमा आगलागी भएको छ । आगलागी भएका अधिकांश ठाउँमा तीनवटै तहका सुरक्षाकर्मी, स्थानीयवासी र वन कार्यालयका कर्मचारीको सहकार्यमा निभाउने गरिएको छ । एकपटक निभाइसकेका ठाउँमा पनि पुनः आगलागी हुने गरेकाले समस्या बढेको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो। जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक मधुसूदन न्यौपानेले गत चैत २५ देखि जिल्लामा आगलागीका घटना सुरु भएकोमा दुई साताकै अवधिमा २९ स्थानमा रहेका वनमा आगलागीका घटनाहरू घटेको बताउनुभयो । चैत २५ गते साँझ करिब साढे ५ बजेको समयमा कुश्मा नगरपालिका-१ पाङ्को मसुरबारीबाट आगलागीको सुरुआत भएको थियो। गत चैत २५ गते नै पैयूँ गाउँपालिका-३ बेहुलीबासमा, महाशिला गाउँपालिका-१ होश्राङदीको कुवापानी सामुदायिक बनमा, फलेवास नगरपालिका-८ ठानामौलाको खाल्टेमा व्यक्तिको पाखो बारीको भिरमा आगलागी भएको थियो। चैत २६ गते जलजला गाउँपालिका-८ नाग्लीवाङबाट सुरु भएको आगो नियन्त्रणमा लिन दुई दिन लागेको थियो । चैत २६ गते नै मोदी गाउँपालिकाको गिज्यानमा रहेको एक्ले फाँट सामुदायिक बनमा, कुश्मा नगरपालिका-१ पाङ्को मालढुङ्गामाथिको भिरमा, चैत २८ गते फलेवास नगरपालिका-८ ठानामौलामा रहेको सामुदायिक बनमा, कुश्मा नगरपालिका-१२ ठूलीपोखरीमा रहेको झाँक्री खोला सामुदायिक वनमा, फलेवास नगरपालिका-१० कुर्घामा रहेको कुर्घा सामुदायिक बनमा आगलागी भयो । चैत २९ गते कुश्मा नगरपालिका-२ खुर्कोटमा, कुश्मा नगरपालिका-८ चुवामा रहेको लहरे पानी रातो माटो सामुदायिक बनमा र यही वैशाख २ गते फलेवास नगरपालिका-४ मुडिकुवामा रहेको बनमा आगलागी भएको थियो।

डिभिजन वन कार्यालय पर्वतका प्रमुख अधिकारीले धेरै ठाउँमा भएका आगलागीहरू नियन्त्रणमा आएको बताउनुभयो । बढ्दो गर्मी र खडेरीका कारण अझै पनि आगलागीका घटना बढ्दै गएका छन् । अधिकांश घटनामा मानवीय लापरबाही नै बढी देखिएको छ । पाखो तथा खरबारीमा राम्रो घाँस पलाउने आशामा नागरिकले आफैँ आगो लगाउने गरेका छन् भने खेतबारीमा बर्खेबाली लगाउनुअघि स्याउला, पात पतिङ्गर पोल्ने जस्ता प्रचलनले पनि आगलागी बढेको अधिकारीलेबताउनुभयो।कार्यालयले आगलागीका घटना न्यूनीकरणका लागि जिल्लाभरका सामुदायिक वनका उपभोक्ताहरूलाई परिपत्र गरेको छ । आगलागी हुन नदिन र लागिहालेमा अपनाउनुपर्ने उपायका बारेमा आवश्यक योजना बनाएर कार्यान्वयन गर्ने निर्देशिकासहित परिपत्र गरेको जनाएको छ । आगलागीका घटनामा संलग्न व्यक्तिलाई वन ऐन २०७६ को दफा ५० को उपदफा ४ बमोजिम फौजदारी कसुर ठहरिने र यस्तो कार्य गर्नेलाई बिगो असुल उपर गरी तीन वर्षसम्म कैद र रु ६० हजारसम्म जरिवाना वा दुवै हुने व्यवस्था भए पनि अहिलेसम्म कसैलाई कारबाहीको दायरामा ल्याउन नसकिएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो । बढ्दो आगलागीका कारण पर्वतको वातावरण धुवाँमय बन्दा वायु प्रदूषण ह्वात्तै बढेको छ।

पर्वत र आसपासको क्षेत्रको 'भिजिबिलिटी' कम हुँदा प्रकृतिलाई देख्नसमेत कठिन भइरहेको छ । तुवाँलो लागेजस्तै गरी बिहानदेखि धुवाँ फैलिँदा नजिकैको दूरीमा पनि देख्न समस्या भइरहेको छ भने आकाश मार्गसमेत प्रभावित भएको छ । स्वास्थ्यका दृष्टिले पनि यो अवस्था हानिकारक हुने पर्वत अस्पतालकी निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा रुक्मिना अधिकारीले बताउनुभयो । धुवाँले हावाको गुणस्तर घटाउने भएकाले श्वासप्रश्वासमा कठिनाइ आउनाका साथै दम वा जटिल खालको ब्रोङ्काइटिसजस्ता समस्याहरू निम्तिन सक्ने उहाँको भनाइ छ।

# पासाङल्हामुको जीवनीमा फिल्म

**रासस**
काठमाडौं, ६ बैशाख

राष्ट्रिय विभूति एवं पहिलो नेपाली महिला सगरमाथा आरोही पासाङल्हामु शेर्पाको जीवनीमा आधारित रहेर निर्माण गरिएको फिल्म 'पासाङः इन द स्याडो अफ एभरेष्ट'यही वैशाख १० गतेदेखि हलमा प्रदर्शनी हुने भएको छ।

उक्त फिल्मको बुधबार 'प्रिमियर सो' सँगै आयोजित पत्रकार सम्मेलनमा देशभरका क्युएफएक्स हलमा फिल्म प्रदर्शन हुने पासाङल्हामु फाउन्डेशनले जानकारी दिएको छ।

सगरमाथा आरोही पासाङल्हामु शेर्पाको यथार्थतामा आधारित रहेर अमेरिकी निर्देशक न्यान्सी स्वेन्डसेनले दुई दशक बढी समय मेहनत गरेर फिल्म तयार पारेको फाउन्डेशनका अध्यक्ष दावा फुटी शेर्पाले जानकारी दिनुभयो । बहत्तर मिनेट फिचर रहेको फिल्मको निर्माता शेरोन वुड र आङ दोर्जे शेर्पा रहनुभएको छ। सन् २०२२ मार्चमा सान्ता बाबा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रिमियरमा रिलिज भएको यस फिल्म ३० औँ पासाङल्हामु दिवसको अवसर पारेर देशभर प्रदर्शन गर्न लागिएको फाउन्डेशनले जनाएको छ।

फाउन्डेशनले आज सिभिलमलको हलमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेलगायत उच्च व्यक्तित्वको उपस्थितिमा नेपालमा पहिलो पटक फिल्मको प्रिमियर गरेको हो। सो अवसरमा सभामुख घिमिरेले नेपाली साहसिक प्रथम महिला सगरमाथा आरोही पासाङल्हामु शेर्पाको जीवन सङ्घर्ष र सफलताको उचाइलाई नजिकबाट नियाल्न र समाजमा प्रेरणा जगाएन फिल्म उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

# निर्धारित समयमै सकिएका यी योजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ बैशाख

ढिलासुस्तीका कारण धेरै योजनाहरू अलपत्र परेका अवस्थामा म्याग्दीका केही आयोजनाहरू भने निर्धारित समयमै सम्पन्न भएका छन् । निर्माण व्यवसायीको इच्छाशक्ति, काम गर्ने वातावरण, कार्यान्वयन गर्ने निकायको समन्वय र सहजीकरण भयो भने तोकिएको समयमै योजना सम्पन्न गर्न सकिने सन्देश दिएका छन्।

बेनी नगरपालिकाको प्रशासकीय भवन, म्याग्दी बहुमुखी क्याम्पसको भवन, बेनीको खेलमैदान निर्माण योजनाको काम निर्धारित समयमै सकिएका हुन्। पूर्वाधार विकास कार्यालयले सञ्चालन गरेको बेनी-अर्थुङ्गे-घतान-तोरीपानी हुँदै पाखापानी सडक योजनाअन्तर्गत अर्थुङ्गेमा कालोपत्र गर्ने काम लक्ष्यभन्दा तीन महिना १५ दिनअघि नै सकिएको छ । अर्थुङ्गेमा दुई सय १७ मिटर सडक कालोपत्र, नाली, पर्खाल निर्माण गर्न श्रमजीवी निर्माण सेवाले विसं २०७९ मङ्सिर १९ गते ठेक्का सम्झौता गरेको थियो । पूर्वाधार विकास कार्यालयका अधिकृत छैटौँ अर्जुन शर्माका अनुसार रु ३२ लाख ६२ हजार नौ सय ५१ मा ठेक्का सम्झौता भएको आयोजनाको म्याद २०८० असार १५ गतेसम्म थियो । "निर्माण कम्पनीले लक्ष्यभन्दा साढे तीन महिनाअघि नै सडक कालोपत्र गऱ्यो", शर्माले भन्नुभयो "सरदर ५.५ मिटर चौडाइका दरले कालोपत्र गरिएको छ ।" बेनीमा म्याग्दी बहुमुखी क्याम्पसको भवन निर्माणका लागि उत्तरगङ्गा निर्माण सेवासँग २०७९ कात्तिक ४ गते रु ९६ लाखमा ठेक्का सम्झौता भएको थियो।

विसं २०७९ चैत २७ गतेसम्म ठेक्का अवधि भएको पाँचकोठे एकतले भवन बनाउने योजना निर्माण कम्पनीले निर्धारित समयमै सकेर हस्तान्तरण गरेको क्याम्पस प्रमुख गोरख जिसीले बताउनुभयो । सोही कम्पनीले बेनीको खुल्लामञ्च खेलमैदानमा पर्खाल र प्यारापिट निर्माणका लागि गत मङ्सिर पहिलो साता रु ३५ लाख ९३ हजार एक सय एकमा ठेक्का सम्झौता गरेको थियो । गत चैत मसान्तसम्मको ठेक्का अवधि भएको पर्खाल र पिल्लर उठाएर ३५ मिटर लम्बाइमा चार तहको प्यारापिट बनाउने काम निर्धारित समयमै सकिएको बेनी नगरपालिकाका इञ्जिनियर बिमलरञ्जन कार्कीले बताउनुभयो । क्याम्पसको भवनको नापजाँच गर्ने क्रममा ढिस्कोले पुरिएर उत्तरगङ्गाका सञ्चालक कृष्ण बरुवालको २०७९ साल मङ्सिर २१ गते मृत्यु भएको थियो । बरुवालको मृत्यु भएपछि उनका भाइ नवराजले जिम्मेवारी लिएर कम्पनीले ठेक्का लिएका आयोजनाहरूलाई पूर्णता दिनुभएको हो । "व्यवसायीले इच्छाशक्ति देखाएर पर्याप्त मजदुर, उपकरण परिचालन र निर्माण सामग्रीको व्यवस्थापन गर्न सक्ने हो भने जस्तोसुकै असहज अवस्थामा पनि आयोजना सम्पन्न गराउन सकिने रहेछ", क्याम्पस प्रमुख जिसीले भन्नुभयो, "आयोजना कार्यान्वयन गराउने पक्षले निगरानी, समन्वय र सहजीकरण गरेर काम गर्ने वातावरण बनाउने हो भने ढिलासुस्ती हटाउन सकिन्छ।"

बेनी नगरपालिकाको प्रशासकीय भवनमा तला थप गरेर आठवटा कोठा बनाउन शङ्कर निर्माण सेवासँग गत मङ्सिर पहिलो साता रु ५२ लाख ५८ हजार दुई सयमा ठेक्का सम्झौता भएको थियो। अनुगमन समितिका संयोजकसमेत रहेकी नगर उपप्रमुख ज्योति लामिछानेले निर्माण कम्पनीले निर्धारित समयमै भवन हस्तान्तरण गरेका बताउनुभयो । शङ्कर निर्माण सेवाका सञ्चालक सागर पौडेलले सम्झौतालगत्तै निर्माण सामग्रीको व्यवस्थापन, मजदुर र उपकरण परिचालन गरेर निर्धारित समयमै भवन बनाएको बताउनुभयो । म्याग्दी जिल्लामा सञ्चालित १९ वटा ठूला आयोजनाको निर्माण कार्य अधुरा छन् । सडक, खानेपानी, प्रसारण लाइन, अस्पताल भवनलगायत आयोजना निर्माणमा भएको ढिलासुस्तीले सर्वसाधारणलाई सास्ती भएको छ । सङ्घीय र प्रदेश सरकारमार्फत सञ्चालित आयोजनाहरूको ठेक्का अवधि सकिए पनि निर्माण पूरा नहुँदा र निरन्तरता नपाउँदा अधुरा बनेका हुन्। गण्डकी प्रदेश सरकारका ११ र सङ्घीय सरकारका आठवटा छन् । आठवटा आयोजना सडकसम्बन्धी छन् । करिब रु आठ अर्बको राहुघाट जलविद्युत् आयोजना बाहेकका अन्य अलपत्र र अधुरा आयोजनाको लागत रु चार अर्ब ५० करोडभन्दा बढी छ।

प्रशासनिक, राजनीतिक र व्यावसायिक पहुँच भएका निर्माण व्यवसायीको अटेरी, आयोजना र कार्यालय प्रमुख तथा सरोकारवालाले चासो नदिनाका साथै पर्याप्त बजेट नआउने, निर्माण व्यवसायीले उपकरण, मजदुर परिचालन र निर्माण सामग्री जुटाउन नसक्दा आयोजनाहरू अलपत्र बनेका म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो।स्थानीयस्तरकोविवाद समयमै सहजीकरण र समाधान नहुनु, नदीजन्य निर्माण सामग्रीको असहजता, स्वार्थ समूहको चलखेल, अनुगमन र नियमन गर्ने पर्याप्त प्राविधिक जनशक्तिको कमी पनि आयोजना अलपत्र हुनाका कारण देखिएका छन्।